# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र



## खण्ड ७, संख्याः ६, पौष २६ गते, २०८० साल



व्यास नगरपालिकाको नगर सभाले पारित गरेको तल लेखिए बमोजिमको संशोधित ऐन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग १

## व्यास नगर शिक्षा ऐन (दोस्रो संशोधन), २०८०

सभाबाट पारित मिति : २०८०।९।२५

व्यास नगरपालिकाको शिक्षा ऐन, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम नगर सभाबाट स्वीकृत भएको मितिदेखि लागु हुने गरी निम्नानुसार संशोधन गरेको छ :

| सि.नं. | साविकमा भएको | संशोधन गर्नुपर्ने (थप घट) |
|---|---|---|
| १. | ऐनको दफा १२ (१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहाय बमोजिमको विद्यालय व्यवस्थापन समिति रहनेछ :<br>(क) सम्बन्धित विद्यालयका अभिभावकहरूले आफूहरुमध्येबाट छानी पठाएको एक जना-अध्यक्ष<br>(ख) नगर कार्यपालिकाले मनोनित गरेको सम्बन्धित वडाको नगरपालिकाको प्रतिनिधि एक जना-सदस्य<br>(ग) अभिभावकहरूले आफूहरुमध्येबाट छानी पठाएको कम्तिमा एकजना महिला पर्ने गरी तीन जना-सदस्य | सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि माध्यमिक विद्यालयमा व्यवस्थापन समिति देहाय बमोजिम रहनेछ :<br>(क) सम्बन्धित विद्यालयका अभिभावकहरूले आफूमध्येबाट छनौट गरी पठाएका कम्तिमा एक महिला सहित ४ जना-सदस्य<br>(ख) सम्बन्धित वडाले मनोनित गरी पठाएको वडाका प्रतिनिधि सदस्यहरु मध्ये एक जना-सदस्य<br>(ग) सम्बन्धित विद्यालयका पूर्णकालीन शिक्षकहरुले आफू मध्येबाट सर्वसम्मत छनौट गरी पठाएको शिक्षक प्रतिनिधि एक जना-सदस्य |

| सि.नं. | साविकमा भएको | संशोधन गर्नुपर्ने (थप घट) |
|---|---|---|
| | (घ) सम्बन्धित विद्यालयका शिक्षकहरुले आफू मध्येबाट छानी पठाएको शिक्षक प्रतिनिधि एक जना-सदस्य<br>(ङ) विद्यालयलाई विशिष्ठ योगदान दिन सक्ने सहयोगदाता मध्ये विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको दुई जना -सदस्य<br>(च) विद्यालयका प्रधानाध्यापक -सदस्य सचिव | (घ) माथि (क), (ख), (ग) का सदस्यहरु र प्रधानाध्यापक समेतबाट मनोनित गरेका विद्यालयलाई विशिष्ठ योगदान दिन सक्ने अभिभावक वा सहयोगदाता मध्येबाट एक जना महिला सहित दुई जना -सदस्य<br>(ङ) विद्यालयका प्रधानाध्यापक -सदस्य सचिव |
| २. | ऐनको दफा १२ (२) नगरपालिकाका सम्बन्धित वडा अध्यक्ष विद्यालय व्यवस्थापन समितिका संरक्षक हुनेछन् । विद्यालय व्यवस्थापन समितिको बैठकमा संरक्षकलाई अनिवार्य आमन्त्रण गर्नु पर्नेछ । साथै विद्यालय व्यवस्थापन समितिले गरेका निर्णयहरु पाँच दिन भित्र वडा शिक्षा समितिमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । | सामुदायिक विद्यालय सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्राथमिक तह, आधारभूत तहका विद्यालयहरुमा देहाय बमोजिम विद्यालय व्यवस्थापन समिति रहने छ ।<br>(क) सम्बन्धित विद्यालयका अभिभावकहरुले आफूहरु मध्येबाट छनौट गरी पठाएका कम्तिमा एक महिला सहित तीन जना -सदस्य<br>(ख) सम्बन्धित वडाले मनोनित गरी पठाएको वडाका प्रतिनिधि सदस्य मध्ये एक जना -सदस्य<br>(ग) सम्बन्धित विद्यालयका पूर्णकालीन शिक्षकहरुले आफू मध्येबाट सर्वसम्मत छनौट गरी पठाएको एक जना शिक्षक प्रतिनिधि -सदस्य<br>(घ) माथि (क), (ख), (ग) का सदस्यहरु र प्रधानाध्यापक समेतबाट मनोनित गरेको विद्यालयलाई विशिष्ट योगदान दिन सक्ने अभिभावक वा सहयोगदाता मध्ये एक जना -सदस्य<br>(ङ) विद्यालयका प्रधानाध्यापक -सदस्य सचिव |
| ३. | ऐनको दफा १२ (३) शिक्षक अभिभावक संघका अध्यक्ष र विद्यालयस्तरीय बालक्लबले मनोनयन गरेको एक जना छात्रा र एक जना छात्र गरी दुई जना विद्यार्थी समेत तीन जना विद्यालय व्यवस्थापन समितिको बैठकमा स्थायी आमन्त्रित सदस्य रहने छन् । | उपदफा (१) र (२) बमोजिमका सदस्य एवं पदाधिकारीले ज्येष्ठ सदस्यको अध्यक्षतामा बैठक बसी सात दिनभित्र अभिभावक मध्येबाट एक जनालाई सर्वसम्मत अध्यक्ष छनौट गरी अनुमोदनका लागि नगरपालिकामा पठाउनु पर्नेछ । सर्वसम्मत हुन नसकेमा नेपाली वर्णानुक्रम अनुसार अभिभावक सदस्यहरु मध्येबाट बढिमा तीन जनाको नाम नगरपालिकामा अध्यक्ष |

| सि.नं. | साविकमा भएको | संशोधन गर्नुपर्ने (थप घट) |
|---|---|---|
| | | छनौटका लागि सिफारिस गरी पठाउनु पर्नेछ । नगरपालिकाले छनौट गरेको सदस्य अध्यक्ष हुनेछ । |
| ४. | ऐनको दफा १२ (४) विद्यालय व्यवस्थापन समितिको पदावधि तीन वर्षको हुनेछ । | सम्बन्धित विद्यालय रहेको वडाका अध्यक्ष विद्यालयको संरक्षक रहने छन् । वडा अध्यक्षले कुनैपनि समयमा विद्यालयको हित र संरक्षणका लागि विद्यालयमा उपस्थित भई आवश्यक निर्देशन दिन सक्नेछन् । विद्यालय व्यवस्थापन समितिले संरक्षकलाई आफ्नो बैठकमा आमन्त्रण गर्न सक्नेछ । |
| ५. | ऐनको दफा १२ (५) विद्यालय व्यवस्थापन समितिको बैठक महिनामा कम्तीमा एक पटक बस्नेछ । अन्य कार्यविधि विद्यालय व्यवस्थापन समितिले आफै निर्धारण गरे बमोजिम हुनेछ । | विद्यालय व्यवस्थापन समितिको पदावधि हरेक नयाँ शैक्षिक वर्षका आधारमा तीन वर्षको हुनेछ । हरेक तीन वर्षको ज्येष्ठ महिनामा नयाँ समिति गठन गरिने छ । निवर्तमान समितिले ज्येष्ठ महिना भित्रमा नयाँ समिति गठन गर्ने दायित्व हुनेछ । नयाँ समिति गठन गर्न नसकेमा असार १ गतेदेखि उक्त समिति स्वतः विघटन भई अर्को समिति गठन नहुँदासम्म बढिमा तीन महिनाभित्र अर्को समिति गठन गर्ने दायित्व सम्बन्धित वडा अध्यक्षको हुनेछ । |
| ६. | ऐनको दफा १२ (६) विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ । | विद्यालय व्यवस्थापन समितिको बैठक सामान्यतयाः वर्षको छ पटक बस्नेछ । बैठकको कार्यविधि व्यवस्थापन समितिले तय गरे बमोजिम हुनेछ । |
| | | (७) विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ । |
| | | (८) व्यवस्थापन समितिको बैठकमा शिक्षक अभिभावक संघका अध्यक्षलाई पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सक्नेछ । |
| | | (९) विद्यालय बाल क्लबका एक छात्र र एक छात्रा विद्यालय व्यवस्थापन समितिको बैठकमा आमन्त्रण गर्नुपर्नेछ । |
| | | (१०) विद्यालयमा निरन्तर अध्ययन गरेको विद्यार्थीको अभिभावक मात्र विद्यालय व्यवस्थापन समितिमा पदाधिकारी सदस्यमा रहन सक्नेछ । विद्यार्थी नियमित नभएमा त्यस्तो विद्यार्थीको अभिभावक विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा अभिभावकको हैसियतले प्रतिनिधित्व गर्ने |

| | | |
|---|---|---|
| | | सदस्य कायम रहन सक्ने छैन । एस.इ.इ. वा कक्षा १२ को परीक्षा उत्तीर्ण भई जाने अभिभावकले बढिमा १ वर्षसम्म मात्र व्यवस्थापन समितिमा प्रतिनिधित्व गर्न सक्नेछ । |
| | | (११) माथि उपदफा (१०) मा लेखिए बमोजिम सदस्यता वा अध्यक्षता कायम नरहेमा विद्यालय व्यवस्थापन समितिले अभिभावक मध्येबाट बाँकी अवधिका लागि सदस्य वा अध्यक्ष मनोनयन गर्नेछ । |
| | | (१२) उपदाफा (५) को प्रावधान बाहेक जनप्रतिनिधिहरु अभिभावकको हैसियतले आफ्नो कार्यकाल भरी अध्यक्षमा मनोनयन वा सर्वसम्मत हुन मिल्ने छैन । |
| ७. | ऐनको दफा ३१ **परीक्षा सञ्चालन तथा गुणस्तर मापन** : (१) आधारभूत तहको कक्षा आठको अन्तिम परीक्षा नगरपालिका स्तरीय हुनेछ । परीक्षा सञ्चालनको लागि देहाय बमोजिमको एक परीक्षा समिति रहनेछ ।<br>(क) नगर शिक्षा अधिकारी- संयोजक<br>(ख) सामुदायिक विद्यालयका प्रधानाध्यापक/शिक्षकहरु मध्येबाट शिक्षा समितिले तोकेको दुई जना-सदस्य<br>(ग) संस्थागत विद्यालयका प्रधानात्यापक/शिक्षकहरु मध्येबाट परीक्षा समितिले तोकेको दुई जना-सदस्य<br>(घ) नगर शिक्षा अधिकारीले तोकेको श्रोतव्यक्ति/परीक्षा सम्बन्धी विज्ञ एक जना - सदस्य<br>(ङ) विद्यालय निरीक्षक -सदस्य सचिव | **परीक्षा सञ्चालन तथा व्यवस्थापन समितिको गठन**ः (१) व्यास नगरपालिका अन्तर्गत सञ्चालित आधारभूत तह कक्षा पाँच र कक्षा आठको परीक्षा सञ्चालन तथा व्यवस्थापन गर्न नगरपालिकाले देहायका पदाधिकारी रहने गरी एक परीक्षा सञ्चालन तथा व्यवस्थापन समिति गठन गर्नेछ :<br>(क) नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको शिक्षा तथा सामाजिक विकास शाखा प्रमुख वा अधिकृत संयोजक<br>(ख) सामुदायिक र संस्थागत कक्षा आठ चलेका माध्यमिक तहका प्रधान अध्यापकहरु मध्येबाट एक/एक जना पर्ने गरी नगर कार्यपालिकाले मनोनित गरेको दुई जना - सदस्य<br>(ग) कक्षा आठ सञ्चालन भएका आधारभूत तहका विद्यालयमा कार्यरत प्रधान अध्यापक तथा शिक्षक मध्येबाट परीक्षा समितिले मनोनित गर्ने एक महिला समेत दुई जना - सदस्य<br>(घ) शिक्षा विद्हरु मध्येबाट नगर कार्यपालिकाले मनोनित गरेको एक जना -सदस्य<br>(ङ) शिक्षा तथा सामाजिक विकास शाखामा कार्यरत शिक्षा शाखा प्रमुख वा निजले तोकेको कर्मचारी -सदस्य सचिव |

आज्ञाले
गंगालाल सुबेदी
प्रमुख प्रशासकीय अधिकृत